# लोक सेवा आयोग
## केन्द्रीय कार्यालय, अनामनगर

## प्रेस विज्ञप्ति
**(२०६७/०९/२२, बिहीबार)**

आज मिति २०६७ पौष २२ गते बिहीबारका दिन लोक सेवा आयोगका कार्यवाहक अध्यक्ष डा. कयोदेवी यमीले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२७ बमोजिम लोक सेवा आयोगको ५१औं वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०६६/०६७) राष्ट्रपति कार्यालय शितल निवासमा एक समारोहका बीच सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रस्तुत गर्नुभयो । सो अवसरमा आयोगका सदस्यहरु प्रा.कृष्णप्रसाद पोखरेल, श्री टीकादत्त निरौला तथा श्री राजेन्द्रप्रसाद शाह तथा आयोगका सचिव श्री केशवप्रसाद भट्टराई लगायत आयोगका उच्च अधिकारीहरुको उपस्थिति रहेको थियो ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२६ मा व्यवस्था भए अनुसार यस प्रतिवेदनमा आयोगले आर्थिक वर्ष २०६६/०६७ मा सम्पादन गरेका कार्यहरु समाविष्ट छन् । अन्तरिम संविधान, २०६३, लोक सेवा आयोग ऐन र अन्य सम्बन्धित कानूनमा व्यवस्था भए बमोजिम लोक सेवा आयोगले निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवारको छनौट गर्न परीक्षा सञ्चालन गर्ने, संविधानबाट प्रदत्त अधिकार क्षेत्रभित्रका विभिन्न विषयमा परामर्श प्रदान गर्ने तथा बढुवा उजुरी उपर टुंगो लगाउने कार्य सधै भैं यस वर्ष पनि नियमित रुपमा सम्पन्न गरेको छ ।

प्रतिवेदन अवधिमा आयोगले निजामती सेवाका विभिन्न रिक्त पदहरुमा पदपूर्तिका लागि २ हजार ३ सय ६३ उम्मेदवारहरुलाई नेपाल सरकारका सम्बन्धित निकायहरुमा सिफारिश गरेको थियो । निजामती सेवाको शर्त सम्बन्धी विषयमा नेपाल सरकारलाई परामर्श दिने, विभिन्न बढुवा समितिमा संलग्न हुने, बढुवा उपरका उजुरीहरु सुनी निर्णय दिने, निजामती कर्मचारी उपरको विभागीय कारबाहीमा परामर्श दिने, विभिन्न सरकारी निकायहरुको दरबन्दी र पदपूर्तिको अवस्था निरीक्षण गर्ने, पाठ्यक्रम निर्माण र सुधार गर्ने, शैक्षिक योग्यता निर्धारण गर्ने लगायतका कार्यहरुले सदा भै यस बर्ष पनि निरन्तरता पाएका छन् । नेपालको अन्तरिम संविधान, २०६३ लागू भए पश्चात् लोक सेवा आयोगले निजामती सेवाका अतिरिक्त सशस्त्र प्रहरी र जनपद प्रहरी सेवाको लिखित परीक्षा समेत सञ्चालन गर्दै आएको छ । साथै नेपाली सेनाका विभिन्न पदहरुको लागि उम्मेदवार छनोट प्रक्रियामा आयोगको सलग्नता रहदै आएको छ ।

प्रतिवेदन अवधिमा आयोगले निजामती सेवाका रिक्त ४ हजार ५ सय २५ पदका लागि १ हजार ४ सय ८ वटा विज्ञापन तथा सूचनाहरु प्रकाशन गरेको थियो । जसका लागि जम्मा ३ लाख ४ सय ६३ दरखास्त पर्न आएका थिए । कुल दरखास्तमध्ये महिला उम्मेदवारको संख्या १ लाख ३९ हजार ९ सय ६३ (४७%) र पुरुष उम्मेदवारको संख्या १ लाख ६० हजार ५ सय (५३%) रहेको थियो । आयोगले विभिन्न श्रेणी र तहका गरी राजपत्रांकिततर्फ १ हजार १८ र राजपत्र अनंकिततर्फ १ हजार ३ सय ४५ उम्मेदवारहरुलाई नियुक्तिका लागि सिफारिश गरेको थियो । जसमध्ये पुरुष उम्मेदवारको संख्या १५८७ (६७.१६%) र महिला उम्मेदवारको संख्या ७७६ ( ३२.८४%) रहेको छ ।

निजामती सेवालाई समावेशी बनाउने सन्दर्भमा निजामती सेवा ऐनले गरेको व्यवस्था अनुसार गत आर्थिक बर्षमा समावेशी समूहहरु (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपांग र पिछडिएको क्षेत्र) तर्फ कूल १ हजार ४ सय ३१ पदहरुका लागि छुट्टाछुट्टै विज्ञापन भएको थियो । ती पदहरुका लागि १ लाख ९ सय २३ दरखास्त प्राप्त हुन आएका थिए । यो संख्या कूल आवेदनहरुको ३३.५९% हुन आउँछ । समावेशी समूहहरुमा आवेदन गर्नेहरुमध्ये सबैभन्दा बढी महिलातर्फ ५५ हजार ९ सय २ (५५.३९%) र सबैभन्दा कम अपांगतर्फ २ हजार १ सय ६ (२.०८%) उम्मेदवारहरु रहेका थिए ।

प्रतिवेदन अवधिमा विभिन्न सरकारी निकायबाट विभागीय कारबाहीका लागि परामर्श माग भएको मध्ये सामान्य सजाय अन्तर्गत १० जनालाई नसिहत, २२ जनालाई तलब वृद्धि रोक्का, ८ जनालाई बढुवा

रोक्का,  तथा विशेष सजाय अन्तर्गत ३७ जनालाई भविष्यमा निजामती सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने र १ जनालाई भविष्यमा निजामती सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्नका लागि विभागीय सजाय गर्ने गरी परामर्श प्रदान गरिएको थियो ।

यसैगरी, बढुवा सूचना उपर परेका ८२ वटा उजुरीमा सुनवाइ गरी आयोगबाट टुंगो लगाइएको थियो । त्यसैगरी आयोग समेतलाई विपक्षी बनाई दायर भएका ८६ वटा रिट निवेदनहरुको लिखित जवाफ पठाइएको थियो ।

प्रतिवेदनमा आयोगले आफ्नो नियमित कार्य सम्पादनको सिलसिलामा भोग्नु परेका विभिन्न नीतिगत तथा भौतिक समस्याहरु समेत समावेश गरेको छ । विशेषगरी मन्त्रालय तथा कार्यालयहरुबाट समयमै माग आकृति फाराम प्राप्त नहुने, विज्ञापन गर्नुपर्ने अन्तिम समयमा मात्र पदपूर्तिका लागि माग प्राप्त हुने एवं सरोकारवालाहरुले आफ्नो अनुकूल हुने नदेखेमा रिक्त दरबन्दीको जानकारी नगराउने कारणहरुले रिक्त पदहरु समयमा पदपूर्ति हुन नसक्ने विगतको स्थितिमा उल्लेखनीय सुधार हुन सकेको छैन । निजामती सेवाप्रति आकर्षण बढाउन, निजामती सेवालाई अझ बढी सक्षम र प्रभावकारी बनाउन, निजामती सेवामा भविष्यमा गर्नुपर्ने सुधारका विषयहरुलाई समेत यस प्रतिवेदनमा समावेश गरिएको छ ।

प्रस्तुत वार्षिक प्रतिवेदनमा १० परिच्छेद र २३ वटा अनुसूचीहरु रहेका छन् ।